आज मिति २०८३/०१/२५ गते बिहान ८:०० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा देहाय बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रही निम्न अनुसारका निर्णयहरु गरियो ।औऔ

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण बहादुर राना मगर | [signature] |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | [signature] |
| ३ | वडा नं १ वडा अध्यक्ष | हिक्मत बहादुर कुँवर | [signature] |
| ४ | वडा नं २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | [signature] |
| ५ | वडा नं ३ वडा अध्यक्ष | चुल बहादुर कुँवर | [signature] |
| ६ | वडा नं ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | [signature] |
| ७ | वडा नं ५ वडा अध्यक्ष | बिष्णु बहादुर मगर | [signature] |
| ८ | वडा नं ६ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप | [signature] |
| ९ | वडा नं ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | [signature] |
| १० | वडा नं ८ वडा अध्यक्ष | ऋषि राम खत्री | [signature] |
| ११ | वडा नं ९ वडा अध्यक्ष | कुल ब. कुँवर | [signature] |
| १२ | वडा नं १० वडा अध्यक्ष | प्रदिप कुँवर | [signature] |
| १३ | वडा नं ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १४ | वडा नं १२ वडा अध्यक्ष | डिल ब. थापा (मगर) | [signature] |
| १५ | वडा नं १३ वडा अध्यक्ष | मित्रा परियार | [signature] |
| १६ | वडा नं १४ वडा अध्यक्ष | गोपाल बहादुर थापा | [signature] |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | [signature] |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा पुलामी | [signature] |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | [signature] |
| २० | नगर कार्यपालिका सदस्य | श्री अप्सरा रेग्मी (नेपाली) | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | [signature] |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सिता मग्राती (अछामी) | [signature] |
| २३ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री राम बहादुर रम्तेल | [signature] |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री एकदेव खनाल | [signature] |
| | अन्य उपस्थिति | | |
| | अधिकृत | श्री न्यौटे प्रसाद अधिकारी | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८३/१/२५ गते

मिति २०८३/१/२५ गतेको कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु

प्रस्ताव नं. १ : सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।

निर्णय नं. १ : नेपाल सरकार, गृह मन्त्रालय मार्फत २०८२ चैत्र १३ गते नेपाल सरकारको मन्त्रिपरिषदको बैठकबाट पारित भएको १०० बुँदाको शासकीय सुधार सम्बन्धी कार्यसूचीमा रहेको बुँदा नं ९२ बमोजिम सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा २०८२/१२/२० र २०८३/१/१६ गतेको पत्राचार बमोजिम निम्न बमोजिमको कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

क. नगरपालिकाको सबै वडाभित्र रहेका सार्वजनिक जग्गाको तथ्यांक, अतिक्रमण भएको जग्गाको बिवरणहरु संकलन गर्ने, त्यस्तो कार वडा कार्यालयबाट सुचना जारी गरी विवरण संकलन गर्ने र त्यसैको आधारमा विवरणहरु जांचवुझ गरी क्रमश यकिन गर्दै लैजाने।

ख. भुमी व्यवस्थापन आयोग मार्फत बिवरण संकलन भई कारवाहीको चरणमा रहेका भुमिहीन व्यक्ति र अव्यवस्थित बसोबासीको हकमा सोही आयोगको व्यवस्था बमोजिम गर्न अनुरोध गर्ने।

ग. किटान भएका अवैध कब्जा वा अतिक्रमणमा परेका सरकारी तथा सार्वजनिक जग्गा एवं बनक्षेत्रको हकमा २१ दिनको हदम्याद दिई उक्त क्षेत्र खाली गराउन समय सिमा दिने र तत्पश्चात पनि खाली नभएको हकमा उक्त जग्गा नियमानुसार खाली गराउन जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयको सहयोगमा तथा उक्त जग्गाको वास्तविक हकदारको समन्वयमा हटाउन अनुरोध गर्ने ।

घ. नगरपालिका भित्र अतिक्रमण वा भोगचलनमा रहेका अव्यवस्थित किसिमका सरकारी र सार्वजनिक जग्गाको व्यवस्थापनको बिषयमा सबै सरोकारवाला पक्षहरुको छलफलमा व्यवस्थापनको बिधि निक्यौंल गर्ने ।

प्रस्ताव नं. २ : योजना संशोधन सम्बन्धमा।

निर्णय नं. २ : यस गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा विनियोजित वार्षिक विकास कार्यक्रम अन्तर्गत संशोधन गर्नुपर्ने योजनाहरुको हकमा वडा तर्फ योजनामा वडा समितिबाट निर्णय गरी तथा नगरपालिकाको आवश्यक योजनाहरु बिवरण सहित आगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८३/१/२५ गते

<u>प्रस्ताव नं. ३ : नगर सभा संचालन सम्बन्धमा।</u>

<u>निर्णय नं ३ :</u> गोरखा नगरपालिकाको आ.व. २०८२/८३ को हिउँदे नगर अधिवेशन यही २०८२/१/३१ गते बिहान ८ बजे गोरखा नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं. ४ : विद्यालय संचालन समय सम्बन्धमा।</u>

<u>निर्णय नं ४ :</u> यस गोरखा नगरपालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु हालै संघीय सरकारको निर्णय बमोजिम ५ दिन मात्र संचालन हुने र त्यसले गर्दा साविक पाठयोजनाहरु समयमा नै सम्पन्न गर्न बाधा पुगेको देखिएकोले संघीय सरकारबाट हाल कायम रहेको पाठ योजना एवं पाठ्यभार अनुरुप पठनपाठन सहजीकरण गर्न सामुदायिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग सामुहिक छलफल हुँदा अधिकांश प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट निम्न ३ विकल्पहरु मध्ये आइतबार पनि अतिरिक्त रुपमा कक्षा संचालन गर्ने व्यवस्था गर्दा सहज हुने देखिएको निष्कर्ष आएकोले सो व्यवस्था मिलाउन शिक्षा युवा खेलकुद शाखाबाट विद्यालयहरुलाई पत्राचार र समन्वय गर्न लगाउने निर्णय गरियो।

विकल्प १ : संघीय सरकारको निर्णय बमोजिम ५ दिन विद्यालय खोल्ने तर विद्यालय ९ बजे देखि ५ बजे सम्म खोल्नुपर्ने ( बालबालिकालाई यति लामो समयसम्म विद्यालय समयको रुपमा राख्दा असर पर्ने अव्यवहारिक हुने)।

विकल्प २ : संघीय सरकारको निर्देशन बमोजिम नै आगामी वर्षे बिदा घटाउने ( बिकट क्षेत्रहरुमा बर्षातको समयमा विद्यालय सुचारु गर्न भौगोलिक र मौषमको कारणले असहज हुने)।

विकल्प ३ : साविक रुपमा आइतबार देखि शुक्रबार समय कक्षा संचालन गर्ने।

<u>प्रस्ताव नं. ५ : शिक्षण सिकाइ शिक्षक अनुदान खर्च सम्बन्धमा।</u>

<u>निर्णय नं ५ :</u> यस गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा शिक्षान सिकाइ अनुदान अन्तर्गत यही २०८२ साल चैत्र महिनासम्म मात्र बजेट बिनियोजन भएको र २०८३ असार महिना सम्मको लागि बजेट अभाव भएको. शिक्षाण सिकाइ अनुदान अनतर्गतको शिक्षक बिना विद्यालयहरुमा शिक्षण

...ष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय, गोरखा
...

प्रमाणित
...मुख प्रशासकिय अधिकृत

CS Scanned with CamScanner

क्रियाकलापमा बाधा पुग्ने देखिएकोले २०८३ वैशाख महिना देखि असार महिनासम्मको तलव खर्च नगरपालिकाको स्रोत बाट व्यवस्थापन गर्ने र त्यसपछि यसको व्यवस्थापन संघीय सरकारको कार्य अनुसार नै गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ : भगिनी सम्वन्ध कायम गर्ने सम्बन्धमा।

निर्णय नं ६ : यस गोरखा नगरपालिकाको भगिनी सम्वन्ध विस्तार गर्नको लागि निम्न शहरहरुबाट आशय प्रकट भएकोले नेपाल सरकारको नियम बमोजिम भगिनी सम्बन्ध कायम गर्न पत्र लेखी पठाउने निर्णय गरियो।

क. संयुक्त राज्य अमेरिकाको कोलोराडो राज्यको सिटी अफ वेस्टमिनिस्टर शहरसँग भगिनी सम्बन्ध स्थापनाको लागि उक्त शहरको मेयर (प्रमुख)लाई चिठी पठाउने, साथै भगिनी सम्बन्ध स्थापना स्वीकृतिको लागि गण्डकी प्रदेश र नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

ख. छिमेकी राष्ट्र भारतको उत्तर प्रदेश स्थित गोरखपुर नगर निगमसँग भगिनी सम्बन्ध स्थापना गर्न यस अघि नै पत्राचार गरिएको र स्वीकृतिको लागि गण्डकी प्रदेश सरकारबाट सिफारिश भई प्रधानमंत्री तथा मन्त्रिपरिषदको कार्यालयमा पुगेकोमा २०८२ भाद्र २३ र २४ को जेन जी आन्दोलनको कारणले रोकिएकोमा त्यसको पुन सोधखोज गर्ने र स्वीकृतिको प्रक्रियामा लैजाने साथै गोरखपुर नगर निगमसँग पुनः पत्राचार गर्ने।

ग. नेपाल अंग्रेज युद्धको क्रममा ऐतिहासिक जितगढी किल्लामा विजय भएको उपलक्ष्यमा गोरखा बाट हरेक वर्ष लुम्विनी प्रदेश, रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकासम्म नेपाली सेनाको सहकार्यमा ऐतिहासिक जितगढी पदयात्रा समेत संचालन भइरहेको सन्दर्भमा बुटवल महानगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्न आवश्यक कार्य अगाडी बढाउने ।

प्रस्ताव नं. ७ : विपद व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं ७ : यस गोरखा नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुमा आउंदै गरेको मनसुनजन्य समयलाई मध्यनजर गर्दै विपद व्यवस्थापनको कार्यलाई चुस्त बनाउने, वडा र नगर स्तरीय विपद व्यवस्थापन समितिलाई सक्रिय बनाउने, प्रतिकार्य योजना अनतर्गत आवश्यक उद्धार तथा राहतका सामाग्रीहरु खरिद गरी वडा कार्यालयमा राखे निर्णय गरियो। त्यस गरी विपद अन्तर्गत अत्यधिक

...बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
डुंगी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

मागभएका प्लास्टिक, त्रिपाल, तार जाली, सिचाई र खानेपानी पाइपहरु खरिद गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : दिशाजन्य लेदो फोहर ( Fecal Sludge) व्यवस्थापनको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं ८ :** यस गोरखा नगरपालिकाको वडा नं. ७ स्थित बेलडाँडा भन्ने स्थानमा यस अगाडी पनि फोहरमैला फाल्ने गरिएको तर समुदायको अवरोध भएको कारण फोहर विसर्जन कार्य हाल स्थगित भएता पनि नगरपालिका संघ, Water Aid, UN Habitat लगायतको संस्थाहरुले नगरपालिकासँग सहकार्य गरिरहेको नेपाल सरकार, शहरी विकास मन्त्रालयवाट पनि यस सन्दर्भमा बजेट व्यवस्थापन गर्न सकिने हुँदा उक्त सार्वजनिक स्थल प्रयोग गर्ने उद्देश्यले र Fecal Sludge व्यवस्थापन प्लान्ट स्थापना गर्नको लागि आवश्यक जग्गा खरिद प्रक्रियाको अध्ययन गरी प्रक्रिया अगाडी बढाउन कार्यपालिकाको बन, बातावरण तथा विपद व्यवस्थापन समितिलाई जिम्मा दिने निर्णय गरियो।

**प्रस्ताव नं. ९ : बिबिध ।**

**निर्णय नं ९ : बिबिध ।**

क. **क्लिन गोरखा प्रा.लि. को आय हिसाब अध्ययनको लागि परामर्शदाता सेवा लिने सम्बन्धमा :** यस नगरपालिका र क्लिन गोरखा प्रा.लि. वीच फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा आय ठेक्का लगाइएको तर बर्तमान समयमा इन्धनको बढ्दो मूल्य, फोहरमैला व्यवस्थापन उपयुक्त किसिमवाट व्यवस्थापन गर्दा खर्च बढ्ने भएकोले यस अगाडी गरिएको सम्झौता बमोजिम कार्य गर्न नसकिने भएको हुँदा हाल सम्म तिर्नुपर्ने रकम यकिन गरी सो सम्झौता तोड्ने मनसायले हाल सम्मको नगरपालिकाले प्राप्त गर्नुपर्ने रकम यकिन गर्न लेखापढी गर्ने तेस्रो पक्षवाट परामर्श सेवा लिई सो रकम यकिन गराउने निर्णय गरियो ।

ख. **पाँचौ तहको प्राविधिक इन्द्र तामांगको बिदाको विषय सम्बन्धमा :** यस गोरखा नगरपालिकामा कार्यरत पाँचौ तहका प्राविधिक सहायक ( स.ई. सिभिल) इन्द्र बहादुर तामांगले २०८१ साल श्रावण महिनादखि लागु हुने गरी न्युजिल्यान्डमा मास्टर्स डिग्री अध्ययनको लागि २ बर्षको बेतलवी अध्ययन बिदा लिई गएकोमा निज हालसम्म पनि फिर्ता नभएको र कार्यालयसँग

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हुँगी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

CS Scanned with CamScanner

सम्पर्क नगरेको हुनाले २ वर्ष पुग्ने समयपछि निजको पदमुक्त हुने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

ग. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सम्बन्धमा : नेपाल सरकार, गण्डकी प्रदेश सरकार, स्विस सहायता संस्था हेल्भेटास र गोरखा नगरपालिकाको समेत सहलगानीमा संचालित सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट सहायता प्राप्त भएको खण्डसम्ममा हालस अन्चालित गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवाहरु ( आप्रवासी स्रोत केन्द्र, वित्तीय स.क्षरता, निशुल्क कानुनी सहायता, समुदाय सचेतनालाई एकीकृत रुपमा सामाजिक विकास शाखा र रोजगार सेवा केन्द्र मातहत र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत राखेर संचालन गर्ने, साथै उक्त शाखाहरुमा रहेर भएको कार्य सम्पादनको प्रतिवेदन मासिक रुपमा शाखा प्रमुखलाई पेश गर्ने तथा नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिबाट कम्तीमा त्रैमासिक रुपमा अनुगमन र प्रगति समिक्षा हुने व्यवस्था मिलाउने निर्णय गरियो।

घ. रोजगार सम्बाद मंच कार्यविधि पारित गर्ने सम्बन्धमा : गोरखा नगरपालिकामा नगरपालिकाको रोजगार सम्बाद मंच संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ लाई पारित गरी लागु गर्ने निर्णय गरियो।

ङ. नदीजन्य पदार्थ उत्खननको लागि हलुका प्रकृतिको उपकरण प्रयोग अनुमति सम्बन्धमा : गोरखा नगरपालिकामा ठेक्का लागेका नदीका घाटहरुमा नदीजन्य पदार्थ संकलन र उत्खननको लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हलुका प्रकृतिको ब्याक हो लोडरलाई प्रयोग गर्न अनुमति दिने निर्णय गरियो।

च. अग्लो स्थानमा पोखरी निर्माण सम्बन्धमा : यस गोरखा नगरपालिकाको आ.व. २०८२/८३ मा अग्लो स्थानमा वर्षातको पानी संकलन गरी पानीको स्रोतलाई पुनर्भरण गर्ने उद्देश्यले हाल वडा नं. ४, ८, १३ र १४ मा वडा कार्यालयले पहिचान गरेको उपयुक्त र अग्ला स्थानहरुमा पानीको पोखरी खन्ने निर्णय गरियो।

छ. प्रशासकीय अधिकृत नियुक्ति समर्थन सम्बन्धमा : यस गोरखा नगरपालिकामा अधिकृत स्तर सातौं पदमा बढुवा सिफारिश भई आएका प्रशासकीय अधिकृत सातौं हरिकृष्ण आचार्यको बढुवा नियुक्तिलाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) नियमावली २०८० को

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हुगी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

नियम २७ बमोजिम मिति २०८२/१२/३० गते देखि लागु हुने गरी दिइएको नियुक्तिको नियम २८ (क) बमोजिम समर्थन गर्ने निर्णय गरियो ।

ज. <u>खेलकुद कार्यक्रममा तथा कार्यक्रम सहयोग सम्बन्धमा :</u> यस गोरखा नगरपालिकाभित्र विभिन्न खेलकुद संघ संस्थाबाट खेलकुद कार्यक्रम संचालनको लागि सहयोग माग भई आएकोले निम्न क्लव तथा खेलकुद समितिलाई खेलकुद सहयोग शिर्षकवाट तथा रैथाने खाना महोत्सवलाई पर्यटन खर्च सम्बन्धी शिर्षकबाट सहयोग दिने निर्णय गरियो ।

राइजिंग स्टार युथ क्लव नकआउट फुटवल प्रतियोगिता — रु. १ लाख,

ओसन क्लव अन्डर १३ फुटबल प्रतियोगिता- रु. १ लाख

मनकामनादेखि गोरखा दरवार म्याराथुन दौड, जिल्ला खेलकुद विकास समिति — रु. ५० हजार

युनाईटेड सेभेन युथ क्लव फुटवल प्रतियोगिता- रु. ४० हजार

तेस्रो रैथाने खाना महोत्सव, होटल संघ गोरखा — रु. १ लाख

झ. <u>एकीकरण नेपालद्वारा स्वयंसेवी राष्ट्रिय सम्मेलनमा कार्यक्रम खर्च सहयोग सम्बन्धमा</u> : गोरखा जिल्ला स्थित एकीकरण नेपाल नामक संस्थाले गोरखा जिल्लामा स्वयंसेवा सम्बन्धी राष्ट्रिय सम्मेलन गर्न संचालन स्रोत माग गरेकोले उक्त संस्थालाई सो कार्यक्रम गर्न पर्यटन बर्ष सम्बन्धी खर्च शिर्षकबाट रु. ४० हजार सहयोग दिने निर्णय गरियो।

ञ. <u>खानेपानी बोर्ड र नगरपालिकालाई बिपक्षी बनाई हालिएको मुद्दामा बहस पैरवीको लागि अख्तियारी दिने सम्बन्धमा :</u> यस गोरखा नगरपालिकालाई समेत बिपक्षी बनाई पृथ्वीनारायण साना शहरी खानेपानी आयोजना उपभोक्ता समितिले सिता खड्का समेतले दायर गरेको २०८३ सालको मुद्दा ०८२-wo-१०६५ मा नगरपालिकाको तर्फवाट बहस गर्न वकिल खटाउने लगायत लिखित जवाफ पेश गर्ने जिम्मेवारीको अख्तियारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

ट. <u>वडा नं. १३ को वडा कार्यालय भवन निर्माण रकम माग गर्ने सम्बन्धमा:</u> यस गोरखा नगरपालिकाको वडा नं. १३ को वडा कार्यालय भवन निर्माण नगरपालिका र प्रदेश सरकारसँगको साझेदारीमा निर्माण भएको र उक्त भवनको निर्माण कार्य सकिएकोले प्रदेश सरकारबाट प्राप्त गर्नुपर्ने रकम नियमानुसार माग गर्ने निर्णय गरियो।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नगर कार्यपालिकाको, गोरखा
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

CS Scanned with CamScanner